बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

# प्रेश विज्ञप्ति

## (प्रदेश भित्रका सार्वजनिक सवारी साधनको भाडा निर्धारण/समायोजन सम्बन्धी)

नेपालको संविधानको अनुसूची -६ मा उल्लेख भएको एकल अधिकार सूची, नेपाल सरकारले गरेको कार्यविस्तृतीकरण प्रतिवेदनको प्रदेश एकल अधिकारको अनुसूची-६ विस्तृतीकरणको वुदाँ नं. ७.३ यातायात (परिवहन) को उपवुदा नं.७.३.१ ७.३.२, ७.३.३, ७.३.४, ७.३.५ र ७.३.६ मा भएको व्यवस्था र **"प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमवाट भाडा भुक्तानी नियमावली, २०७८"** को नियम ६ को उपनियम (२) मा भएको व्यवस्था बमोजिम २०७९/०१/०१ देखि लागू हुने गरी बागमती प्रदेश भित्र सञ्चानल हुने सार्वजनिक सवारी साधनको भाडादर देहाय अनुसार हुने गरी यस मन्त्रालयको मिति २०७८/१२/२४ (माननीय मन्त्रीस्तर) को निर्णयानुसार समायोजन गरिएको छ। साथै पछिल्लो पटक भाडा समायोजन गर्दा आधार मानिएको मूल्यको तुलनामा पेट्रोलियम पदार्थको वजार मूल्य ५ प्रतिशत वा सो भन्दा बढी वा घटी भएमा सोही बमोजिम प्रदेश भित्र सञ्चालन हुने सवारी साधनको भाडा समायोजन हुनेछ।

१. उपत्यकामा सञ्चालन हुने यात्रुवाहक सार्वजनिक सवारी साधनको हकमाः

| दुरी (कि.मि.) | मिति २०७८/०७/०१ देखि लागु भएको भाडादर (रु.) | २०७९/०१/०१ देखि लागू हुने भाडादर (रु.) |
|---|---|---|
| ०-५ | १८ | २० |
| ०-१० | २३ | २५ |
| ०-१५ | २७ | ३० |
| ०-२० | ३० | ३३ |
| २० भन्दा माथि | ३५ | ३८ |

२. बागमती प्रदेशमा पेट्रोलियम पदार्थ बाट सञ्चालन हुने ट्याक्सी सेवाको हकमाः

(क) शुरु फ्लाग डाउन रु ५०।- कायम गरिएको।

(ख) प्रति २०० मिटरको भाडादर रु ९।८०- वाट रु १०।- कायम गरिएको।

(ग) प्रतिक्षा शुल्कका विषयमा प्रति १ मिनेटको रु.१।२०- कायम गरिएको।

(घ) प्रतिक्षा गर्ने अधिकतम समय तीस (३०) मिनेट कायम गरिएको।

Scanned with CamScanner

(ङ) वेलुका ९:०० देखि विहान ४:०० वजे सम्म सञ्चालन हुने रात्रिकालिन ट्याक्सी सेवाको भाडादरका सम्वन्धमा शुरु फ्लाग डाउनलाई यथावत राखी प्रति २०० मिटरको हकमा रु.१५।- हुने गरी भाडा कायम गरिएको।

(च) यस अघि जारी भएको सर्तहरु ट्याक्सी सेवा प्रदायकले पूर्णरुपमा पालना गर्नुपर्ने।

३. **बागमती प्रदेशमा विद्युतीय माध्यमवाट सञ्चालन हुने ट्याक्सीको हकमाः**

(क) शुरु फ्लाग डाउन रु ५०।– कायम गरिएको।

(ख) प्रति २०० मिटरको भाडादर ९।-कायम गरिएको।

(ग) प्रतिक्षा शुल्कका विषयमा प्रति १ मिनेटको रु.१।२०- कायम गरिएको।

(घ) प्रतिक्षा गर्ने अधिकतम समय तीस (३०) मिनेट कायम गरिएको।

(ङ) वेलुका ९:०० देखि विहान ४:०० वजे सम्म सञ्चालन हुने रात्रिकालिन ट्याक्सी सेवाको भाडादरका सम्वन्धमा शुरु फ्लाग डाउनलाई यथावत राखी प्रति २०० मिटरको हकमा रु.१३।- हुने गरी भाडा कायम गरिएको।

(च) यस अघि जारी भएको सर्तहरु ट्याक्सी सेवा प्रदायकले पूर्णरुपमा पालना गर्नुपर्ने।

४. **उपत्यका बाहेकका स्थानमा चल्ने यात्रुवाहक सार्वजनिक सवारी साधनको हकमाः**

(क) बागमती प्रदेश सरकारले मिति २०७८/०७/०१गते देखि यात्रुवाहक सवारी साधनमा लागू गरेको भाडादरमा १०% भाडावृद्धि गरी कायम हुन आउने भाडादरमा दशमलवमान सम्याई समायोजन गरिएको।

(ख) उपरोक्त भाडादरमा यात्रुले १५ के.जी. सम्म निशुल्क र सो भन्दा वढि १० के.जी. सम्म प्रति के.जी. रु.५ का दरले भाडा भुक्तानी गरी (सवारी साधनको उत्पादक कम्पनीद्वारा तोकिएको Gross Vehicle Weight भन्दा ननाघ्ने गरी) सरसामान/गुन्टा लिई जान पाउने।

५. **मालवाहक सवारी साधनको हकमाः**

(क) प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमवाट भाडा भुक्तानी नियमावली, २०७८ को दफा ४ बमोजिमको भाडा निर्धारण/समायोजन सिफारिस समितिले साविकको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई मिति २०७८/०६/०६ मा पेश गरेको प्रतिवेदनका आधारमा ११।९१- प्रतिकिमि प्रतिटनको लागि सिफारिस गरिएको भाडामा १३% ले वृद्धि गरी १३।४५- (प्रतिकिमि प्रतिटन) कायम गरिएको।

Scanned with CamScanner